नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

नेपाली कांग्रेस नेपाल केन्द्रीय कार्यालय

**(अत्यन्त जरुरी)**
मंसिर २३, २०८२

श्री सभापति जी,
नेपाली कांग्रेस जिल्ला कार्यसमिति,
**(सबै जिल्लाहरूका लागि)** ।

**विषयः क्रियाशील सदस्यता सम्बन्धमा ।**

नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकले आगामी पौष २६ देखि २८ सम्म पार्टीको १५ औं महाधिवेशन गर्ने निर्णय गरेको जानकारी गराउन चाहन्छौं ।

१. क्रियाशील सदस्यता नवीकरण नभएका र विवरण पठाउन बाँकी रहेका जिल्लाले अबिलम्ब तहगत समन्वय गरी नवीकरण विवरण संकलन गरी वडादेखि जिल्ला कार्यसमितिको बैठकको निर्णय सहित नविकरणको सूचीको अन्तिम नामावली र केन्द्रलाई बुझाउनु पर्ने सदस्यता शुल्क सहित कार्यतालिकामा तोकिएको मिति भित्रै केन्द्रमा पठाइसक्नु पर्नेछ । यसरी निर्धारित मितिभित्र नवीकरणको सूची केन्द्रमा पठाएपश्चात् कुनै पनि कारणबाट नवीकरण सदस्यता छुट हुन गएमा त्यस्ता छुट भएका व्यक्तिहरुको छुट्टै नामावली तयार गरी सोको निर्णय सहित २०८२ पुस ३ गतेभित्रमा अनिवार्य केन्द्रमा पठाउनु पर्नेछ ।
२. नवीकरण गर्दा मृत्यु भएका, पार्टी परित्याग गरेका, केन्द्रीय अनुशासन समितिले अन्तिम कारवाही गरेर निष्कासन गरेका तथा 'मेरो क्रियाशील नवीकरण नगरिदिनु' भनी लिखित वा मौखिक आग्रह गरेकाहरु बाहेक सबै सदस्यहरूको नवीकरण अनिवार्य रुपमा गर्न आवश्यक ब्यबस्था गर्नुपर्नेछ ।
३. नवीकरणका लागि योग्य व्यक्तिको कुनै कारणले नवीकरण रोकिएमा निजले सदस्यता नं. र शुल्क सहित सदस्यता व्यवस्थापन केन्द्रीय समितिमा निवेदन दिएमा केन्द्रीय कार्यालयबाट नै सदस्यता नवीकरण गर्न सक्ने निर्णय भएको हुँदा कसैको पनि नवीकरण नरोक्ने गरी आबश्यक व्यबस्था र मातहतका समितिमा समन्वय गर्नु गराउनु होला ।
४. नवीकरण गरिएका क्रियाशील सदस्यको नामावली इन्ट्री प्रविष्ट गर्नका लागि जिल्ला कार्यसमितिका सभापतिको मोवाइलमा आइडी र पासवर्ड यस अघि नै पठाई सकिएको छ । यदि आइडी र पासवर्ड प्राप्त हुन नसकेको भए मोवाइल नं. ९८५२०५४०८१ मा सम्पर्क गर्नु हुन तथा सो बाहेकको अन्य प्राविधिक समस्या आएमा आवश्यक समन्वयका लागि प्राविधिक टिमको मोवाइल नं. ९७६७५८२७६२ मा सम्पर्क गर्न सकिनेछ ।
५. **क्रियाशील सदस्यता शुल्कको वाँडफाँड गर्दा नेपाली कांग्रेसको नियमावली २०७६ को नियम ४ को उप नियम ३ अनुसार वडामा रु १०।-, महानगर/उपमहानगर/नगर/ गाउँपालिकामा रु. १०।-, प्रदेश क्षेत्रीय समितिमा रु. १०।-, प्रतिनिधि सभा क्षेत्रीय समितिमा रु. १०।-, जिल्ला कार्यसमितिमा रु. १०।- सम्वन्धित तहमै राखी प्रदेश कार्यसमितिले पाउने रु. १०।- र केन्द्रले**

टेलिफोन : (००९७७–१) ५१८३२६३ /५१८३२६४/५१८३२६५, फ्याक्स : ५१८३२६६
**E-mail:** info@nepalicongress.org / **Internet Access: http://www.nepalicongress.org**

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

प्राप्त गर्ने रु. १४०।- समेत गरी जम्मा रु. १५०।- (एक सय पचास) नेपाली कांग्रेस केन्द्रीय कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि., टेकु शाखाको खाता नं. १७००१००००७१४६०१० मा केन्द्रमा पठाउनु पर्ने कूल रकम जम्मा गरेको भौचर अनिवार्य केन्द्रीय कार्यालयमा बुझाउन पर्नेछ ।

६. पार्टी केन्द्रीय कार्यसमितिको बैठकले नयाँ क्रियाशील सदस्यता वितरणका सन्दर्भमा विधान बमोजिम प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिलाई नै सिधै पठाउन निर्णय गरेकोले सबै प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिमा सदस्यता फारम पठाइएको छ । एक मात्र निर्वाचन क्षेत्र भएका जिल्लाले पौष १० गते भित्र र दुई भन्दा बढी निर्वाचन क्षेत्र भएकाले जिल्लाले पौष ११ गते सम्पूर्ण प्रकृया पुरा गरी नामावली प्रकाशन गरी केन्द्रमा पठाउनु पर्नेछ । १५ औं महाधिवेशनको कार्यतालिका बमोजिम सम्पूर्ण प्रकृया पूरा गर्नका लागि आफ्ना मातहतका समितिहरुलाई आवश्यक समन्वय र सहयोग गर्नुहोला ।

७. जिल्ला भित्रका वडाको जनसंख्या, मतदाता र क्रियाशील सदस्यताको अनुपात समेत समेटिएको तथ्याङ्क यसै साथ संलग्न छ । सो तथ्याङ्कलाई आधार मानी नयाँ क्रियाशील सदस्यता वितरण गर्न व्यवस्था मिलाउने ।

अन्त्यमा, **नयाँ सदस्यता वितरण नेपाली कांग्रेसको विधान, नियमावली र केन्द्रीय कार्यसमितिको निर्णय अनुसार सहज र व्यापक वितरण गर्ने पार्टीको नीति रहेकोले** सोही अनुसार मापदण्ड समेत पठाइसकेको अवस्थामा मापदण्ड पुगेका व्यक्तिलाई सहज ढङ्गले सदस्यता नवीकरण तथा वितरण गरी तोकिएको समयभित्रै केन्द्रमा उपलब्ध गर्नु गराउन हुन यो परिपत्र गरिएको छ ।

**जय नेपाल** !

गगनकुमार थापा
महामन्त्री

**बोधार्थ एवं कार्यार्थ:**

१. श्री सभापति जी,
नेपाली कांग्रेस प्रदेश कार्यसमिति (सातै प्रदेशका लागि) । (आवश्यक सहयोग र समन्वय गरी दिनु हुन ।)

२. श्री सभापति जी
प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति । (सबै प्रतिनिधिसभा क्षेत्रका लागि)

३. श्री सभापति जी
प्रदेश सभा क्षेत्रिय कार्यसमिति । (सबै प्रदेश सभा क्षेत्रका लागि)

४. श्री सभापतिजी
महानगर/उपमहानगर/नगर/गाउँपालिकि कार्यसमिति ।

४. श्री सभापति जी
सबै वडा कार्यसमिति ।

टेलिफोन : (००९७७–१) ५१८३२६३ /५१८३२६४/५१८३२६५, फ्याक्स : ५१८३२६६
**E-mail:** info@nepalicongress.org / **Internet Access: http://www.nepalicongress.org**